# इटहरी खानेपानी

स्था: २०५३

### उपभोक्ता संस्थाको

### खानेपानी संरचना पाइपलाइन बिस्तार खान्ने पुर्ने तथा पाइप फिटीङ्ग सम्बन्धी

## शिलबन्दी दरभाउ पत्र आव्हानको १५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/०५/१६

यस संस्थाको तपशिलमा उल्लेखित खानेपानी संरचना पाइपलाइन बिस्तारमा खन्ने पूर्ने तथा पाइप जडानका लागि नेपाल सरकारबाट इजाजत प्राप्त योग्य तथा इच्छुक निर्माण व्यवसायीबाट यो सूचनाको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्न आव्हान गरिएको छ ।

**दरभाउपत्रका शर्तहरु:**

१) दरभाउपत्र फारम रु.२,०००।- (दुई हजार) फिर्ता नहुने गरी तिरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनसम्म दिनको ३:०० बजे भित्र यस कार्यालयबाट खरिद गर्नुपर्नेछ । दरभाउपत्र फारम खरीद गर्दा निवेदन साथ अध्यावधिक नविकरण भएको फर्मको इजाजत पत्र, आन्तरिक राजश्व कार्यालयमा मु.अ.कर दर्ता भएको प्रमाण पत्र, अघिल्लो बर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न राख्नुपर्ने छ ।

२) दरभाउपत्र फारमका साथ गर्नुपर्ने कामको लगात अनुमान सहितको परिमाण सूची उपलब्ध गराइने छ ।

३) यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन (२०७८ साल भाद्र ३० गते) ३:०० बजे भित्र दरभाउपत्र खरिद तथा दर्ता गर्ने र १६ औं दिन (२०७८ साल भाद्र ३१ गते) दिनको २:०० बजे संस्थाको कार्यालयमा दरभाउपत्र दाताहरु वा निजहरुका प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । सो समयमा दरभाउपत्रदाताहरु वा निजहरुका प्रतिनिधिहरुको उपस्थिती नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन । शनिबार तथा सार्वजनिक बिदाका दिन समेत कार्यालय सञ्चालन हुने हुनाले तोकिएको मितिमा नै ती कामहरु हुनेछन् ।

४) दरभाउपत्र पेश गर्दा लागत अनुमान रकमको २.५% रकम धरौटी बापत संस्थाको नाममा एनएमबि बैंक लि. इटहरीमा रहेको खाता नं. ०६३०११६३०१००००२७ मा नगद जम्मा गरी सो को सक्कल भौचर वा “क” बर्गका बाणिज्य बैंकहरुले इटहरी खानेपानी उपभोक्ता संस्थाका नाममा जारी गरेको कम्तीमा ९० दिनको बैंक ग्यारेन्टीको सक्कल प्रति पेश गर्नुपर्नेछ । तोकिएको प्रतिशत भन्दा कम धरौटी वा बैंक ग्यारेन्टी बुझाएका दरभाउपत्र दाताहरुलाई प्रतिष्पर्धामा समावेश गरिने छैन ।

५) सूचना नं. १ र २ को बेग्ला बेग्लै दरभाउ पत्र पेश गर्नुपर्नेछ ।

६) दरभाउपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरीद कारवाहीमा आफ्नो स्वार्थ नभएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको घोषणा दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

७) दरभाउपत्र पेश गर्दा शिलबन्दी खाम बाहिर कार्यालयको नाम, कार्यको विवरण र दरभाउपत्रदाता फर्मको नाम, ठेगाना र छाप लागेको हुनपर्नेछ ।

८) प्राप्त दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने, घटी वा बढी अकंवालालाई दिने वा नदिने सो सम्बन्धी निर्णय गर्ने सम्पूर्ण अधिकार यस संस्थामा सुरक्षित रहने छ ।

९) दरभाउपत्र शर्तरहीत, केरमेट नभएको, कार्यालयले उपलब्ध गराएको डकुमेन्टमा नै भरिएको, कुनै थपघट वा द्रष्टब्य नलेखेको हुनुपर्नेछ

१०) समयमा प्राप्त नभएको, रीत नपुगेको, सूचनाको शर्त विपरीत भएको दरभाउपत्रमाथि कारबाही हुने छैन

११) दरभाउपत्र भर्दा दररेट केरमेट नगरी प्रष्ट रुपमा अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा दररेट भरेको फरक परेमा अक्षरलाई मान्यता दिइनेछ ।

१२) दरभाउपत्रसम्बन्धी कुनै कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस संस्थाको कार्यालयमा सम्पर्क राखी बुझ्न सकिनेछ ।

१३) दरभाउपत्रमा दररेट उल्लेख गर्दा भ्याट बाहेकको मूल्य उल्लेख गर्नुपर्नेछ ।

१४) दरभाउपत्रदाताले कुनै पनि नक्कली कागजात पेश गरेको पाइएमा निज दरभाउपत्रदाताको दरभाउपत्र रद्द गरी कालोसूचीमा समावेश गर्न सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

१५) सम्झौता भएको तीन महिना भित्रमा कार्य सम्पन्न गरीसक्नु पर्नेछ । कार्य प्रगतिको आधारमा भुक्तानी गरिनेछ । आफूले गरेको कामको ६ महिनासम्म कुनै कैफीयत आएमा मर्मत सम्भार गर्ने ग्यारेण्टी गर्नुपर्नेछ ।

१६) नियमानुसार नेपाल सरकारलाई तिर्नुपर्ने तथा अन्य लाग्ने कर दस्तुर आदि सम्पूर्ण दरभाउपत्रदाता फर्मले नै व्यहोर्नु पर्नेछ ।

१७) एक फर्मको नाममा खरिद भएको दरभाउपत्र फारम अर्को व्यक्ति वा फर्मको नाममा दाखिला गर्न पाइने छैन ।

१८) यस सूचनामा लेखिएका कुरा यसै बमोजिम र अन्य कुराका हकमा सार्वजनिक खरिद ऐन, नियमावली तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

१९) अन्य जानकारीका लागि संस्थाको फोन नं. ०२५-५८५७५८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

**तपशिल**

| सूचना नं. | लागत अनुमान (मु.अ.कर बाहेक) | कार्यस्थान | कैफियत |
|---|---|---|---|
| ०१/०७८/०७९ | २०११४००।५६ | (१) इटहरी- २ पशुपती चोक देखी हवाइचोक सम्म (२) जुटविकास चोक देखी जुटटविकास गेट सम्म (३) इटहरी- १० पब्लिक प्राविधिक शिक्षलय देखी सविधान चोक हुदै सुर्योदय टोल सम्म खानेपानी पाइपलाइन विस्तार । | |
| ०२/०७८/७९ | २४९४१२४।२० | (१) इटहरी- ५ रेग्मी टोल दक्षिण देखी बराह टोल सम्म (२) इटहरी-५ धिताल टोल हुदै बञ्राह भरतमिलन चोक सम्म, (३) इटहरी ७ वडा कार्यालय देखी गढीघाट चोक सम्म खानेपानी पाइपलाइन विस्तार । | |

**व्यवस्थापक**

**इटहरी खानेपानी उपभोक्ता संस्था**

इटहरी-४, सुनसरी